स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




केही वर्षयता रंगमञ्च र फिल्ममा कलाकार आदानप्रदानको सिलसिला चलिरहेको छ। नाटकका कलाकारहरु फिल्ममा आइरहेका छन् भने फिल्मका चर्चित अनुहारहरुले नाटक गरिरहेका छन्। यसैबीच, अब अभिनेत्री तथा राप्रपा नेतृ रेखा थापाले पनि नाटकमा डेब्यु गर्ने भएकी छन् । आफ्नो नयाँ फिल्म '३६ को आँकडा'को छायांकनभन्दा अगाडि उनले नाटकमा अभिनय गर्न लागेकी हुन्।

**आजको विचार...**



भ्रष्टाचारी....
*(दुई पेजमा)*

श्रीमननारायण



गायनबाट फिल्म अभिनयमा प्रवेश गर्नेको संख्या ठूलो छ। त्यसमा रामकृष्ण ढकालदेखि प्रकाश सपूतसम्म पर्छन्। अब अर्का एक गायकले पनि फिल्ममा डेब्यु गरेका छन्। ती हुन्, प्रकाश दूतराज। 'रिमै', 'देउरालीमा', 'घर कता हो बैनीको', 'रेशम' जस्ता चर्चित गीत गाइसकेका उनले फिल्म 'आहुति'बाट डेब्यु गरेका हुन्। उनी यतिबेला पाँचथरमा फिल्मको छायांकन गरिरहेका छन्। फिल्ममा प्रकाशको जोडी अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाहसँग बाँधिएको छ।


❒ वर्ष ३० ❒ अंक २७३ ❒ २०८२ वैशाख १६ गते मगलबार 29 April 2025, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-


# 'थर्मल थेरापी' सेवातर्फ आकर्षण बढ्दो

## तानसेनमा नि:शुल्क 'थर्मल थेरापी' सेवा शुभारम्भ

**रामचन्द्र रायमाझी**

**पाल्पा, बैशाख १५**/पछिल्लो समय 'थर्मल थेरापी' पद्धतिप्रति जिल्लाका स्थानीय बासिन्दाको आकर्षण बढ्दै गएको छ । पछिल्लो समय मानिसको दैनिक जनजीवन अस्तव्यस्त भइरहेकाले बढ्दो नसर्ने रोगको न्यूनीकरणका लागि यो उपचार पद्धति प्रभावकारी बन्दै गएपछि स्थानीयहरुको आकर्षण बढ्दै गएको हो ।

तानसेनमा थर्मल थेरापी सेवा लिर्दै आएकी बिमला खातीले लामो समयदेखि आफ्नो खुट्टा, ढाड दुख्ने समस्या रहेकोमा थेरापी सेवा लिएपछि भने समस्या समाधान भएको बताइन् । उनले भनिन्"मैले अस्पताल पुगेर उपचार गरे तर निको भएन, अहिले १५ दिन जति भयो मेरो तौल पनि तीन किलो घटेको छ, खुट्टा ढाडको समस्या पनि विस्तारै राम्रो हुँदै गरेको छ ।" दुर्गादेवी बस्यालले दवाइ भनेको दवाएर राख्ने भएको भन्दै आफुलाई थेरापीले राम्रो गरेको बताइन् । उनले भनिन् "डाक्टर उप्रेन्द कहाँ गएँ तर सन्चो भएन । हात दुख्ने, दिशा नहुने, निन्द्रा









नलाग्ने समस्या थियो, मैले योगा पनि गरे तर सन्चो भएन, अहिले थर्मल थेरापी गरेपछी भने राम्रो भएको छ ।" अर्की बसन्ती सुवालले पनि आफ्नो दाब्रे खुट्टाको समस्या रहेकोमा नियमित थेरापीले निको हुँदै गएको बताईन् । उनीहरु जस्तै यहाँका अधिकांस स्थानीयहरु थर्मल थेरापीतर्फ आकर्षित हुँदै गएका छन् । स्थानीयहरुको बढ्दो आकर्षणलाई मध्यनजर गरी तानसेनमा नि:शुल्क थर्मल थेरापी सेवा सुरु गरिएको छ ।१० वर्ष अघि माया, खुसी र स्वास्थ्यको अभियान सञ्चालन गर्ने उद्देश्यले स्थापना भएको विगेन नेपालले पाल्पाको तानसेनबाट सेवा प्रारम्भ गरेको हो । उसले दक्षिण कोरियामा लामो अनुसन्धान र अन्वेषणबाट विकास भएको विगेन थर्मल थेरापी पद्धति, प्रविधि र उपकरणबाट शारीरिक बनावटको आधारमा बहुप्रभावसहित शरीरका सबै अङ्गहरूको प्रभावकारी उपचार र परामर्श दिने गरी तानसेनको सिल्खानटोलबाट सेवा प्रारम्भ गरेको छ ।

विगेन नेपालले नि:शुल्क सेवा प्रदान गर्ने गरी पाल्पा सेन्टरको सोमबार एक औपचारिक कार्यक्रमको आयोजना गरी सेवा प्रारम्भ गरेको हो । केही समय अघिदेखि अनौपचारिक रुपमा सेवा दिर्दै आए पनि हिजोदेखि भने विधिवत् रुपमा सेवा सुरु गरिएको विगेन नेपालले जनाएको छ । सेवाको तानसेन नगरपालिकाका नगरप्रमुख सन्तोषलाल श्रेष्ठले रिबन काटेर शुभारम्भ गरेका हुन् । सेवाको प्रारम्भ गर्दै नगर प्रमुख श्रेष्ठले थर्मल थेरापी उपचार पद्धतिप्रति मानिसको आकर्षण बढ्नु स्वास्थ्यका लागि राम्रो भएको बताए । उनले आगामी दिनमा तानसेनका सबै वडाहरुमा विगेन नेपालको सहकार्यमा उक्त सेवा सुरु गर्ने बताए । पूर्व सांसद तथा नेकपा एकिकृत समाजवादीका नेता यादवबहादुर रायमाझीले अभियान प्रभावकारी रहने आफुले विश्वास लिएको बताए । उनले भने "नेपालमा स्वास्थ्य उपचार महँगो छ । तर हामीले त्यही महँगो उपचारलाई विश्वास गर्छौं, नि:शुल्क उपचारलाई विश्वास गर्दैनौ, यो सेवा नि:शूल्क भए पनि प्रभावकारी रहने विश्वास मैले लिएको छु ।"


*-बाँकी अन्तिम पेजमा...*


## संक्षिप्त समाचार

### पाकिस्तानका १६ युट्युब च्यानल प्रतिबन्धित

**एएनआई**

**काठमाडौं, वैशाख १५**/भारत सरकारले पहलगाममा भएको आतंककारी आक्रमणपछि भारत र सुरक्षासम्बन्धी संस्थामाथि झुटा र उक्साहपूर्ण सामग्री प्रसारण गरेको आरोपमा पाकिस्तानका १६ युट्युब च्यानलमा रोक लगाएको छ । ती च्यानलहरूमध्ये डन न्युज, एआरवाई न्युज, जिओ न्युजजस्ता चर्चित नामहरू पनि छन्, जसको कूल दर्शक संख्या ६ करोड ३० लाखभन्दा बढी रहेको छ गृह मन्त्रालयको सिफारिसमा गरिएको यस कदमसँगै सामाजिक सञ्जालमा फैलिएको भ्रमपूर्ण सामग्रीमाथि पनि कारबाही गरिएको छ ।

पहलगाम घटनालाई लिएर गलत प्रस्तुति दिएको भन्दै बीबीसी भारत कार्यालयलाई सरकारी पक्षबाट औपचारिक पत्र पठाइएको छ । अप्रिल २२ गते पहलगामस्थित बाइसरण क्षेत्रमा भएको गोलीकाण्डमा २६ पर्यटकको मृत्यु भएको थियो । उक्त घटनाको अनुसन्धान राष्ट्रिय अनुसन्धान संस्था ( एनआईए) ले गरिरहेको छ । घटनामा संलग्न पाँच जनामध्ये तीन जना पाकिस्तानका र दुई जना स्थानीय भएको खुलेको छ । सरकारले देशको सुरक्षामाथि असर पार्ने गलत प्रचारप्रति कडा कदम चालेको जनाइएको छ ।

# पाल्पामा जिप दुर्घटना : तीन जनाको मृत्यु, दुई घाइते



**पाल्पा,** बैशाख १५/जिल्लाको रैनादेवी छहरा गाउँपालिका -१ सिद्धेश्वरमा आइतबार राती जिप दुर्घटना हुँदा तीन जनाको ज्यान गएको छ । लु १ ज २३७७ नम्वरको जिप सिद्धेश्वरको असारेबाट ठूलापोखरा जाँदै गर्दा सर्वोत्तम सिमेन्ट खानी नजिकै दुर्घटना हुँदा गाडीमा सवार तीन जनाको ज्यान गएको हो ।

मृत्यु हुनेमा रैनादेवी छहरा -१ सिद्धेश्वका ३६ बर्षीय दिपेन्द्र बुढा, ३१ वर्षीय चेतनारायण वि.क. र २३ वर्षीय जनक रेगामी रहेका जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरिक्षक सुनिल मल्लले जानकारी दिए । दुर्घटनामा घाइते भएका उनीहरुको उपचारका लागि तानसेनस्थित युनाइटेड मिसन अस्पतालमा लगि चेकजाँच गर्दा डाक्टरले मृत घोषणा गरेका हुन् । दुर्घटनामा परी दुई जना घाईते भएका छन् । जसमा जिप चालक २७ वर्षीय रञ्जन रेश्मी र २३ वर्षीय सरोज बुढा रहेका छन् । घाइते दुबै जनाको मिसन अस्पतालमा उपचार भइरहेको छ । जिप आफै अनियन्त्रित भई सडकबाट २ सय मिटर तल खसेको प्रहरीले जनाएको छ । सिद्धेश्वरको जङ्गलमा डढेलो निभाउंन जाँदै गर्दा स्थानीय युवाहरु सवार जिप दुर्घटना भएको हो । घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# तम्घास-सिमलटारी सडकमा चारवटा पक्की पुल निर्माण



**तम्घास (गुल्मी),** वैशाख १५/मदन भण्डारी राजमार्गअन्तर्गत गुल्मीको तम्घास-सिमलटारी सडकमा चारवटा पक्की पुल निर्माण गरिएका छन् । मदन भण्डारी राजमार्ग आयोजना गुल्मीबाट २८ किलोमिटर लामो यस सडकअन्तर्गत हुलाके, फूलबारी, घमिर र धनार्जी खोलामा पुल निर्माण गरिएका हुन् । पन्थ निर्माण सेवाले २०७८ साल माघमा फूलबारी खोला पुल रू तीन करोड ३२ लाख ६८ हजार ६३६ र घमिरखोला पुल रू तीन करोड १३ लाख ८४ हजार २३४ मा निर्माण सम्झौता गरेको थियो ।

त्यस्तै, सुनिल समिर निर्माण सेवाले ०७९ साल जेठामा हुलाके खोला पुल रू पाँच करोड ७९ लाख ५३ हजार ३३५ र धनार्जी खोला पुल सात करोड ४८ हजार ९९३ मा निर्माण सम्झौता गरेको थियो । चारैवटा पुलको कुल लागत रू १९ करोड २६ लाख ५५ हजार २०१ रहेको मदन भण्डारी राजमार्ग आयोजनाका सूचना अधिकारी होमनाथ पौडेलले जानकारी दिए । फूलबारी खोला पुल २०, घमिर खोला पुल १५, धनार्जे खोला पुल ३५ र हुलाके खोला पुल २५ मिटर लम्बाइका रहेका छन् । पुल निर्माण भएपछि इस्मा, धुर्कोट, मदाने, मालिकालगायतका नागरिकलाई राहत मिलेको छ । खासगरी वर्षायाममा पानीको बहाव बढी हुँदा यातायातमा निकै समस्या हुने गरेको थियो ।

विद्यार्थीहरूलाई विद्यालय जान, समयमै गन्तव्यमा पुग्न कठिन हुने गरेकामा अहिले सहज भएको छ । तम्घास-सिमलटारी सडकको चार स्थानमा पुल निर्माण नहुँदा गाडी फस्ने, पल्टिने, आवतजावत गर्न नसकेर वर्षौं नागरिकले सास्ती खेप्नु परेको थियो । समयमै पुल निर्माण नहुँदा नेता र नेतृत्वले निकै आलोचना पनि खेप्दै आएका थिए ।


**-बाँकी अन्तिम पेजमा...**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

NAVA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## विश्व नृत्य दिवसको सन्दर्भ

**विश्व नृत्य दिवस आज नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरि मनाइँदैछ । आजको दिन नृत्यकलाको संस्कृति, परम्परा एवं संस्कार विकसित भएका देशहरुमा नृत्यकलाको सम्मान, त्यसप्रति मानिसहरुको ध्यानाकर्षण तथा चेतना अभिवृद्धि गर्ने उद्देश्यले नृत्यकला प्रदर्शन गर्ने गरिन्छन् ।**

**सन १९८२ अप्रिल २९ आजकै दिनमा पहिलो पटक राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संघ (युनेस्को) अन्तर्गत पर्ने अन्तर्राष्ट्रिय थिएटर इन्स्टिच्युटको अन्तर्राष्ट्रिय डान्स कमिटिले यो दिवस मनाउने घोषणा गरेको थियो । यो दिवसको प्रमुख उद्देश्य भनेकै विश्वस्तरमा सर्वसाधारणमाझ प्राचीनकालदेखि विकसित भइआएको नृत्यकला एवं त्यसको संस्कृतिको महत्व दर्शाउनु र नृत्यकलाप्रति सबैको ध्यानाकर्षण तथा जागरुकता बढाउनु हो । नृत्य एक कला हो, जसले लयबद्ध वा सङ्गीतको तालमा शरीरको चाललाई दर्शाउँछ । भनिन्छ- नृत्यबिना संसार नै अधुरो हुन्छ । नाचबिना यो संसार अस्थिर छ ।**

**हामीले दैनिक गर्ने कार्य पनि एक नृत्य नै हो भने हिँडाइ पनि नृत्य हो । बिहे व्रतबन्धलगायत कुनै पनि जीवन उन्मुख क्रियाकलाप नृत्यबिना परिपूर्ण मानिँदैन । अझ पछिल्लो समय मानिसको जीवन शैली नै अस्तव्यस्त र तनावग्रस्त भएको अवस्थामा नृत्यले मानिसलाई प्रफुल्लित बनाउन महत्वपूर्ण भूमिका खेल्दछ । नेपालमा आधुनिक नृत्यकलाको संस्कृति, परम्परा एवं संस्कार विकसित हुँदै गए पनि परम्परागत लोकनृत्य भने लोप हुने अवस्थामा पुगेको छ । यो अत्यन्त दुखको कुरा हो । यसको खोज, अनुसन्धान गरी संरक्षण गर्न जरुरी छ । नृत्यको अनेक फाइदा भएकाले यसलाई उपयोगी कसरतका रूपमा लिन सकिन्छ । नाच्नाले हृदय तथा फोक्सोको अवस्थामा सुधार आउने गर्दछ । नृत्यले मानिसको मांसपेशी बलियो बनाउनुको साथै हड्डीलाई बलियो बनाउन महत्वपूर्ण भूमिका खेल्दछ । यसर्थ लोक नृत्यको संरक्षण गर्दै सबै वर्ग र क्षेत्रमा यसलाई विस्तार गर्न सकियो भने मात्र हरेक वर्ष यो दिवस मनाउनुले सार्थकता प्राप्त गर्दछ ।**

### Opinion @ Social Network

हामी त अरूको खुशीमा रमाउँछौं
तर आफैं भित्र डुबिरहेका हुन्छौं।
(*सुनिल परियारको फेसबुक स्टाटस* *https://www.facebook.com/Sunil.Pariyar* )

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# भ्रष्टाचारी जोगाउने मनसाय



**श्रीमननारायण**

*नेपालमा भ्रष्टाचार बढेको र भ्रष्टाचारलाई नियन्त्रण गर्न सरकारले ठोस एवं प्रभावकारी पाइला नचालेको भन्दै अन्तर्राष्ट्रिय मुद्राकोष र विश्व बैंकको गुनासो अझै कम भएको छैन । विगत वर्षयतादेखि नेपाल 'ग्रे' लिस्टमा पर्दै आएको छ । अवस्था यही रह्यो भने कालो सूचीमा पर्ने सम्भावना पनि बढ्ने निश्चित छ । जबसम्म नेपालमा भ्रष्टाचारलाई नियन्त्रण गर्ने निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरण आयोगले तदारुकता एवं इमानदारीका साथ काम गर्ने छैन, तबसम्म नेपालमा भ्रष्टाचारलाई कम गर्न सकिँदैन, सरकार प्रमुख राजनीतिक दललगायत देशका प्रायः सबैजसो राजनीतिक दलहरू भ्रष्टाचारको मामिलामा साझा धारणा राख्दछन् । कुनै कर्मचारी आफ्नो सेवाअवधिमा रहँदा भ्रष्टाचार गर्छन्, अनियमितता गर्दछन्, सरकारको राजस्वलाई ठगी गर्छन्, जनताले रगत-पसिना बगाएर आर्जन गरेको सम्पत्तिबाट सरकारलाई कर तिर्छन् । जनताले तिरेको करबाट त जनताको विकास हुनुपर्ने हो तर यसमा कोही भ्रष्टाचार र अनियमितता गर्छन् भने त्यसमाथि कठोर कानुनी कारबाही हुनुपर्ने हो ? भ्रष्टाचारीलाई कुनै पनि बहानामा उन्मुक्ति दिनु अपराध हो । नक्कली भुटानी शरणार्थी प्रकरण, बाँसबारी छालाजुता प्रकरण, टेरामक्स, एनसेल, सुनकाण्ड जस्ता प्रकरणमा भ्रष्टाचार र अनियमितता भएको कुरा प्रष्ट भइसकेको छ ।*

विश्वमा अहिलेसम्म प्रयोगमा आएका शासन व्यवस्थामध्ये सबैभन्दा राम्रो शासन प्रणाली, संघीय लोकतान्त्रिक गणतन्त्रलाई नै मानिन्छ । यदि एक दशकअघि जननिर्वाचित संविधानसभाको तीन चौथाई बहुमतले संघीयता, लोकतन्त्र र गणतन्त्रलाई नेपालको निम्ति अपरिहार्य मानेको थियो भने त्यो अकारण होइन, अवश्य नै त्यसको पृष्ठभूमिमा हजारौं नेपालीहरूको त्याग, बलिदान र समर्पणको गाथा होला । शासन व्यवस्था जतिसुकै राम्रो भए पनि भ्रष्टाचार, अपारदर्शिता, अहंकारले ग्रसित नेताहरू त्यसलाई पनि बदनाम गराइदिन्छन् र व्यवस्थाको विरोधमा जनता सडकमा आउन बाध्य हुन्छन् । विगत दुई महिनादेखि नेपाली जनता सडकमा छन्, भने यसको प्रमुख कारण राजनीतिक दलका नेता र तिनका प्रतिनिधिमार्फत हुनेगरेको भ्रष्टाचार नै हो । सरकारको विरोधमा जनता सडकमा उत्रेका छन् शिक्षकहरूको आन्दोलन जारी छ, सहकारी पीडितको आन्दोलन जारी छ र चिकित्सकहरू पनि आन्दोलनमा छन् । सडकमा उत्रेका जनताको आक्रोशमा घ्यू हाल्ने काम सरकारबाटै भइरहेको छ । नेपालमा भ्रष्टाचारीलाई खास गरिकन आर्थिक, नैतिक र सामाजिक रूपमा चारित्रिक पतनका कर्मचारीको पेन्सन रोका नहुने प्रावधान ल्याउने चाहेको विषय प्रस्ताव संसदीय उपसमितिले गरेको छ । पदमा हुँदा भ्रष्टाचार गरेकाहरू अदालतमा मुद्दा चलेर भ्रष्टाचारमा दोषी ठहर भएका, जबर्जस्तीकरणी, हत्या, देशद्रोहको कसुरदार ठहर भएका कर्मचारीलाई अवकाश प्राप्त भएपछि पेनसन दिने कानुन बनाउन संसदीय उपसमितिले प्रावधान तयार पारेको छ । भ्रष्टाचारमा मुछिएका व्यक्तिहरूलाई पेनसन दिने प्रस्तावले सुशासनको नयाँ परिभाषालाई जन्म दिएको छ । भ्रष्टाचार नगर्ने तथा भ्रष्टाचारीको मुख पनि नहेर्ने प्रधानमन्त्री केपी शर्मा ओलीको उद्घोष केवल नारामै सीमित रहने भएको छ । प्रधानमन्त्रीको सहमति र अनुमतिविना यस्तो प्रस्ताव आउन सक्दैन । यद्यपि संसदीय राज्य व्यवस्था समितिका सभापतिले संसदीय उपसमितिका सिफारिश मान्ने भएका छन् । नेपालमा भ्रष्टाचार बढेको र भ्रष्टाचारलाई नियन्त्रण गर्न सरकारले ठोस एवं प्रभावकारी पाइला नचालेको भन्दै अन्तर्राष्ट्रिय मुद्राकोष र विश्व बैंकको गुनासो अझै कम भएको छैन । विगत वर्षयतादेखि नेपाल 'ग्रे' लिस्टमा पर्दै आएको छ । अवस्था यही रफयो भने कालो सूचीमा पर्ने सम्भावना पनि बढ्ने निश्चित छ । जबसम्म नेपालमा भ्रष्टाचारलाई नियन्त्रण गर्ने निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरण आयोगले तदारुकता एवं इमानदारीका साथ काम गर्ने छैन, तबसम्म नेपालमा भ्रष्टाचारलाई कम गर्न सकिँदैन, सरकार प्रमुख राजनीतिक दललगायत देशका प्राय: सबैजसो राजनीतिक दलहरू भ्रष्टाचारको मामिलामा साझा धारणा राख्दछन् । कुनै कर्मचारी आफ्नो सेवाअवधिमा रहँदा भ्रष्टाचार गर्छन्, अनियमितता गर्दछन्, सरकारको राजस्वलाई ठगी गर्छन्, जनताले रगत-पसिना बगाएर आर्जन गरेको सम्पत्तिबाट सरकारलाई कर तिर्छन् । जनताले तिरेको करबाट त जनताको विकास हुनुपर्ने हो तर यसमा कोही भ्रष्टाचार र अनियमितता गर्छन् भने त्यसमाथि कठोर कानुनी कारबाही हुनुपर्ने हो ? भ्रष्टाचारीलाई कुनै पनि बहानामा उन्मुक्ति दिनु अपराध हो । नक्कली भुटानी शरणार्थी प्रकरण, बाँसबारी छालाजुता प्रकरण, टेरामक्स, एनसेल, सुनकाण्ड जस्ता प्रकरणमा भ्रष्टाचार र अनियमितता भएको कुरा प्रष्ट भइसकेको छ । नक्कली भुटानी शरणार्थी प्रकरण, बाँसबारी छालाजुता प्रकरण, सुन तस्करी प्रकरण छानविनमा ढिलासुस्ती देखिएको छ । रास्वपा अध्यक्ष रवि लामिछाने अध्यक्ष रहेको तात्कालीन गोरखा मिडियाले गैरकानुनी रूपमा ५०औं करोड रुपैयाँ लिएको विषयको छानबिन चलिरहेको छ । यस प्रकरणमा रवि लामिछाने पटकपटक जेल जाने र धरौटीमा छुट्ने क्रमले निरन्तरता पाएको छ । वैकल्पिक राजनीति गर्ने उद्देश्यसहित राजनीतिमा आएका लामिछाने चाँडै अलोकप्रिय भए । नेपालमा लोकतन्त्रको पुन: स्थापनापछिका विगत साढे तीन दशकमा लाउडा एयर, चाइना साउथ वेष्ट एयर लाइन्स प्रकरण, वायुसेवा निगमको परियोजना, लडाकु शिविर, सर्पकाण्ड, सिमेन्ट, खानी, फोरजी, करफछ्यौंट, काठमाडौं-तराई द्रुतमार्ग, टेलिफोन बिलिङ, एपेक्स बैंक, ओम्नी काण्ड, सिक्टा सिँचाई, महेन्द्रनगर विकास समिति, डलरकाण्ड, बुढी गण्डकी, ३३ किलो सुन जस्ता घटनामा अर्बौंको भ्रष्टाचार भएका छन् । नेपालमा जसले जे गर्दा नि हुने भन्ने धारणा विकसित भएका कारण देशमा दण्डहीनताको वातावरण बन्यो । जनआन्दोलन-२ को सफलतापश्चात देशमा कायम सहमतीय राजनीतिले मिलिजुली भ्रष्टाचार गरौं भन्ने संस्कृतिलाई जन्म दिने काम गर्‍यो साथै त्यसको संरक्षण र सम्वर्द्धनको आधार गठबन्धन सरकार बन्न पुगे । गुठीका जग्गा, ऐलानी जग्गा, सरकारी जग्गा र कतिपय ठाउँमा त खोला, पोखरी र नहरका जग्गा कब्जा गर्ने प्रवृत्तिले मान्यता पाएको देखियो । डेढ वर्षअघि देशको एउटा राष्ट्रिय दैनिकले नेपालमा विगत साढे तीन दशकमा भएका भ्रष्टाचारका एक सय घटनाका बारेमा विस्तृत चर्चा गरेको थिए । उक्त समाचार अनुसार २ खर्ब ५० अर्ब रुपैयाँको भ्रष्टाचार नेपालमा भएको पाइएको हो । नेपाल जस्तो देशमा यति ठूलो आयतनमा भ्रष्टाचार हुनुको अर्थ देश कंगाल हुनु हो । निर्वाचित जनप्रतिनिध र कर्मचारीहरूको मिलोमतोमा हुनेगरेका भ्रष्टाचारलाई रोक्न सकिएन भने देशमा अशान्ति र अराजकता बढ्ने निश्चित छ । त्यसैगरी ६ हजार बिघाभन्दा बढी जग्गाको हानी नोक्सानी भएको छ । भ्रष्टाचारका प्रत्येक घटनामा कर्मचारीको संलग्नता रहने गर्दछ, यस्तोमा भ्रष्टाचारी सावित कर्मचारीलाई सजाय दिनुको सट्टा तिनको बचाउमा सरकार उभिनु र पेन्सनलाई निरन्तरता दिने व्यवस्था गर्नु दुर्भाग्यपूर्ण हो । कुनै कर्मचारीको पेन्सन रोक्नुको अर्थ त्यस कर्मचारीले तिनका पारिवारिक सदस्यहरूले र गाउँ समाजले यस कुराको अनुभूति गर्नु हो कि भ्रष्टाचार गरेका कारण कति हदसम्मको सजाय पाउन सकिन्छ । बरेन बफेटलाई विश्वको सबैभन्दा चतुर एवं कुशल वित्तीय प्रबन्धक मानिन्छ । उनी विश्वका पाँच सर्वाधिक धनीमध्येका एक छन् । बिना कुनै व्यापार र कारोबार नै तिनले पैसाको सही एवं समुचित तरिकाले प्रबन्धन गरेकै कारण विश्वका सबैभन्दा ठूलो लगानीकर्ता बन्न पुगेका छन् । तिनले निजी लगानी गरेर पैसा कमाएका छन् । कुनै आर्थिक लगानी, परिश्रम नेपालका राजनीतिज्ञ, कर्मचारीहरूले कसरी करोडौं, अर्बौंको सम्पत्ति थुपार्न सफल भए ? विदेशीहरूको निम्ति यो सोधको विषय हुनसक्दछ । नेपाली नेता र कर्मचारी थोरै समयमा कसरी अर्बपति बन्न सफल भए ? नेपाली नेताहरूको पैसा कमाउन गजबको फाइदा हेरेर बरेन बफेट चकित हुनेछन् । सर्वहारा, गरिब, मजदुर, किसान, दलित, उपेक्षित, पीडित, मधेसी र कर्णाली जस्ता पीछडिएका क्षेत्र एवं वर्गको उत्थान गर्ने नाममा नेताहरू कसरी अर्बपति भए दलाल, सामान्त, र पुँजीवादीहरूको विरोध गर्नेहरू स्वयं किन पुँजीवादी र शोषक एवं सामन्तहरूको कित्तामा आफूलाई डोर्‍याए । जनताको जीवनस्तरका सुधार आएन । गरिब, दलित, सर्वहारा, मजदुर र मधेसीहरू त आज पनि आफ्नो भाग्यलाई नै दोषी ठानिरहेका छन् । ईश्वरबाट कुनै चमत्कारको अपेक्षा गरेका छन् तर सर्वहारा एवं गरिबका लागि लडाइँ लड्ने नेताहरूको घरमा करोडौं रुपैयाँका सजावटका सामग्री राखिएका छन् भव्य महल, चक्किलो गाडी, विदेशीको जस्तो जीवनशैली र आफ्नो घरलाई इन्द्रको दरबार जस्तै सजाएर राख्ने गरेका नेपाली नेताहरूको जीवनशैलीमा आएको अभूतपूर्व परिवर्तनले जो कोहीलाई चकित बनाउन सक्दछ । आखिर गरिब, मजदुर, सर्वहारा र दलित एवं मधेसीको जीवनस्तरमा कहिले सुधार आउने त ? नेपालका नेता र कर्मचारीहरूको घरमा मात्रै किन 'धनको वर्षा' भइरहेको छ ? नेपाली नेता र कर्मचारीहरूले यति धेरै पैसा कमाएका छन् कि त्यसलाई लुकाउन आफ्नो कार्यालयका ड्राइभर, पियन, आफ्नी श्रीमती, छोराछोरी, सासु-ससुरा, साला-साली, साढु-भाइको नाममा घरजग्गा खरिद गर्नुपरिरहेको छ र तिनकै खातामा पैसा जम्मा गर्ने काम पनि भइरहेको छ । सुडान घोटाला काण्डमा भ्रष्टाचारी ठहर भएका पूर्वआइजिपीद्वय ओमविक्रम राणा र हेमबहादुर गुरुङले पेन्सन सुविधा भोग गरिरहेका छन् । यस्तो नहुनुपर्ने हो ।

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रेटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन जानेछ । | **तुला** : मिष्ठान्न भोजन प्राप्ति होला । साथीको भेटघाटले मन प्रफुल्ल रहला । |
| **वृष** : विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । नयाँ क्षेत्रमा लगानीको अवसर मिल्नेछ । | **वृश्चिक** : कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला । |
| **मिथुन** : ज्ञान सिक्ने मौका मिल्नेछ । कार्यसिद्धि हुने अवसर मिल्नेछ । | **धनु** : विशिष्ट व्यक्तिबाट पुरस्कार तथा हौसला प्राप्त हुनेछ । |
| **कर्कट** : प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । सामान हराउन सक्छ । | **मकर** : आफन्तसँग रमाइलो भेटघाट हुनेछ ।मनोरञ्जनमा सहभागी भईएला । |
| **सिंह** : काममा लाभदायक यात्रा रहनेछ । नयाँ कार्य थालनी होला । | **कुम्भ** : महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| **कन्या** : विद्या र बुद्धिको विकास हुनेछ, प्रेम र मित्रताको बन्धन कसिनेछ । | **मीन** : रोजगारको अवसर मिलनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । |

## विज्ञान/सूचना प्रविधि

# आइन्स्टाइन गलत साबित भएका तीन कुरा



बुद्धिमान मानिसहरू पनि आखिर मानिस नै हुन् । आइन्स्टाइन सापेक्षता सिद्धान्तका पिता र गुरुत्वाकर्षण पत्ता लगाउने र व्याख्या गर्ने प्रसिद्ध भौतिकशास्त्री हुन सक्छन् । तर महान् आइन्स्टाइनले पनि कहिलेकाहीँ आफ्नै सिद्धान्तहरूमा विश्वास गरेनन् । आत्मशङ्काको कारण, आइन्स्टाइनले धेरै ठुला गल्तीहरू गरे ।

**आइन्स्टाइनका ठुला गल्तीहरू :**

जब आइन्स्टाइन सामान्य सापेक्षताको सिद्धान्तमा काम गरिरहेका थिए, उनले बह्माण्डको संकुचन र विस्तारको कारण गुरुत्वाकर्षण हो भन्ने आँकलन गरे, जबकि यसको विपरीत, बह्माण्ड स्थिर छ भन्ने विश्वास गरिन्थ्यो । यस्तो अवस्थामा, आइन्स्टाइनले सन् १९१७ मा सामान्य सापेक्षतासम्बन्धी आृनो शोधपत्रमा ब्रह्माण्डीय स्थिरांक (कस्मोलोजिकल कन्सटेन्ट) समावेश गरे । वास्तवमा, आइन्स्टाइनले यसलाई गुरुत्वाकर्षणको प्रभावको प्रतिवादमा समावेश गरेका थिए । यसको परिणामस्वरूप, उनले ब्रह्माण्ड स्थिर छ भन्ने रूढिवादी विश्वासलाई समर्थन गरे । एक दशक वा सोभन्दा पछि, वैज्ञानिकहरूले ब्रह्माण्ड स्थिर नभई गतिशील छ भनेर देखाउने नयाँ प्रमाणहरू जम्मा गर्न थाले । भौतिकशास्त्री जर्ज गामोवले पछि आफ्नो पुस्तक माई वर्ल्ड लाइन : एन इन्फर्मल अटोबायोग्राफीमा ब्रह्माण्डीय शब्दको परिचय दिनु आइन्स्टाइनको जीवनको सबैभन्दा ठुलो गल्ती थियो भनेर लेखे । तर यसमा अर्को पहेली पनि थियो । वैज्ञानिकहरूले अब बह्माण्डको गतिशीलता रहस्यमय अँध्यारो ऊर्जाको कारणले हो भन्ने प्रमाण पाएका थिए । आइन्स्टाइनले आफ्ना समीकरणहरूमा गुरुत्वाकर्षणको काउन्टरको रूपमा ब्रह्माण्डीय स्थिरांक प्रयोग गरे । यो ब्रह्माण्डीय स्थिरांकलाई ब्रह्माण्डको गतिशीलताको लागि जिम्मेवार ऊर्जाको रूपमा हेर्न सकिन्छ । आइन्स्टाइनको सामान्य सापेक्षताको सिद्धान्त अनुसार, तारा वा कुनै पनि ठुलो वस्तुको गुरुत्वाकर्षण प्रभाव क्षेत्रले टाढाको वस्तुबाट आउने प्रकाशलाई मोड्छ र विशाल म्यागिनफाइङ लेन्सको रूपमा काम गर्छ ।

**आकाशगंगा :** आइन्स्टाइनले गुरुत्वाकर्षण लेन्सिङको यो प्रभाव यति सानो हुनेछ कि यसलाई हेर्न गाह्रो हुनेछ भन्ने सोचेका थिए । आइन्स्टाइनले आफ्नो सिद्धान्त प्रकाशित गर्न पनि चाहेनन् । यद्यपि, चेक गणतन्त्रका इन्जिनियर आर डब्ल्यू मेन्डेलले उनलाई यो प्रकाशित गर्न राजी गरे । सन् १९३६ को एक अनुसन्धान पत्रमा आइन्स्टाइनले साइन्स जर्नलका सम्पादकलाई लेखे, 'यस सानो प्रकाशनमा तपाईंको सहयोगको लागि धेरै धेरै धन्यवाद । यो केवल आर डब्लूको कारणले सम्भव भएको हो । यसको कुनै महत्त्व छैन, तर प्रकाशन पछि म खुसी छु ।' आइन्स्टाइनले त्यतिबेला यो प्रकाशन धेरै महत्त्वपूर्ण नभएको ठाने पनि यो खगोल विज्ञानमा धेरै महत्त्वपूर्ण साबित भयो। यसैको कारणले गर्दा, अमेरिकी अन्तरिक्ष एजेन्सी नासा र युरोपेली अन्तरिक्ष एजेन्सीको हबल टेलिस्कोपले आकाशगंगाको बारेमा जानकारी सङ्कलन गर्न सक्षम छ ।

'भगवानले कुनै पासा चलाउनुहुन्न' आइन्स्टाइनले आफ्नो सन् १९०५ को पेपरसहित धेरै अनुसन्धान कार्यहरूमा प्रकाशले तरङ र कण दुवै जस्तै व्यवहार गर्छ भनेर बताएका थिए । पछि, यसले भौतिकशास्त्रको एक महत्त्वपूर्ण शाखाको जग बसाल्यो । क्वान्टम मेकानिक्सले सूक्ष्म परमाणु कणहरूको अनौठो संसारका पक्षहरू प्रकट गर्दछ । उदाहरणका लागि, क्वान्टम वस्तु धेरै अवस्थाहरूमा हुन सक्छ जबसम्म यसलाई अवलोकन गरिँदैन र मान तोकिएको हुँदैन। भौतिकशास्त्री एर्विन श्रोडिंगरले एउटा उदाहरण दिए, कसैले बाकसको ढक्कन खोलेर भित्र नहेरेसम्म बाकसभित्र बसेको बिरालोलाई मृत र जीवित दुवै मान्न सकिन्छ । आइन्स्टाइनले भने यो अनिश्चितता स्वीकार गर्न अस्वीकार गरे ।

सन् १९२६ मा उनले भौतिकशास्त्री म्याक बोर्नलाई लेखेर भने, 'भगवानले ब्रह्माण्डमा कुनै पासा खेल्नुभएको छैन। यसको अर्थ ब्रह्माण्डमा सबै कुरा अनिश्चित छैन ।' आइन्स्टाइनले सन् १९३५ मा बोरिस पोडोल्स्की र नाथन रोजेनसँग मिलेर एउटा पेपर प्रकाशित गरे । यसमा, उनले तर्क गरे कि यदि सुपरपोजिसनमा रहेका दुई चीजहरू कुनै रूपमा जोडिएका छन् र अलग गरिएका छन् भने, पहिलो वस्तुलाई अवलोकन गर्न सकिन्छ र मान दिन सकिन्छ । यसपछि, अर्को वस्तुलाई नहेरी मूल्य पनि पत्ता लगाउन सकिन्छ । आइन्स्टाइनको विचारलाई क्वान्टम सुपरपोजिसनको खण्डनको रूपमा हेरिएको भए तापनि, एक दशक पछि यो सिद्धान्तले क्वान्टम मेकानिक्सको एउटा महत्त्वपूर्ण सिद्धान्तको लागि बाटो खोल्यो जसलाई इन्ट्याङ्गलमेन्ट भनिन्छ ।

यस अनुसार, दुई चीजहरू जतिसुकै टाढा भए पनि, तिनीहरूलाई जोड्न र एउटै वस्तुको रूपमा हेर्न सकिन्छ । आइन्स्टाइन आफ्ना सिद्धान्तहरूमा प्रतिभाशाली थिए र जुन कुराहरूमा उनी गलत साबित भए, त्यसमा पनि उनको बुद्धिमत्ता स्पष्ट रूपमा देखिन्थ्यो ।

*-रातोपाटी डटकम*


## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
**डिभिजन वन कार्यालय**
तानसेन, पाल्पा

## तानसेन नगरपालिकाको अनुरोध

-खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
-श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।

पिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

प्रतिक्षा सिंजाली
उप-प्रमुख

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल


# च्याट जिपिटी निर्माता कम्पनीले किन्न चाहन्छ गुगल क्रोम



अमेरिकाको वाशिंटनमा गुगलमाथि प्रतिस्पर्धा विरोधी कार्यका विरुद्धमा चलिरहेको मुद्दाको सुनुवाइका क्रममा एउटा रोचक मोड तब आयो जब ओपन एआईको च्याट जिपिटीका प्रमुख प्रडक्ट अधिकारीले गुगलको वेब ब्राउजर क्रोम खरिद गर्ने इच्छा प्रकट गरे । च्याट जिपिटीका चिफ प्रडक्ट अफिसर निक टरलीले यदि प्रतिस्पर्धा बहाल गर्नका लागि गुगलले आफ्नो लोकप्रिय ब्राउजर क्रोम बेच्नुपरेमा त्यो खरीद गर्न ओपन एआई तयार रहेको बताए । टरलीको उक्त अभिव्यक्ति त्यस समय आएको छ जब अमेरिकी न्याय मन्त्रालयले गुगलको अनलाइन सर्चमा रहेको एकाधिकार समाप्त पार्नका लागि ठुलो कदम उठाउन माग गरिरहेको छ । तर, गुगलले भने क्रोम बिक्री गर्ने कुनै प्रस्ताव गरेको छैन । गत वर्ष एक न्यायाधीशले गुगलमा अनलाइन सर्च तथा त्यससँग सम्बन्धित विज्ञापनमा एकाधिकार रहेको ठहर गरेका थिए । गुगल भने उक्त फैसलाको विरुद्ध अपिल गर्ने योजनामा छ ।

**अदालती सुनुवाइ पछाडिको ठुलो तस्वीर**

उक्त सुनुवाइले जेनेरेटिभ एआईको दौडको झलक पनि देखाउँछ, जहाँ ठुला प्रविधि कम्पनीहरू तथा स्टार्टअपले तीव्र ढंगले आफ्ना एआई एपलाई उत्कृष्ट बनाएर धेरैभन्दा धेरै प्रयोगकर्ता आकर्षित गर्न चाहन्छन् । अमेरिकी न्याय मन्त्रालयका अनुसार गुगलको सर्च एकाधिकारले उसलाई एआईको क्षेत्रमा पनि अनुचित लाभ दिनसक्छ ।

उता गुगलले भने मेटा तथा माइक्रोसफ्ट जस्ता कम्पनीहरुको कारण जेनेरेटिभ एआईको क्षेत्रमा प्रतिस्पर्धा कायम रहेको दाबी गरेको छ ।

**ओपन एआई र गुगलको सम्भावित साझेदारी**

च्याट जिपिटीका प्रमुख प्रडक्ट अफिसर टरलीले ओपन एआईले गुगलसँग च्याट जिपिटीमा गुगल सर्च एपिआईको प्रयोग गर्ने अनुमति मागेको पनि खुलासा गरेका छन् । तर, गुगलले त्यो प्रस्ताव अस्वीकार गरेको थियो । ओपन एआईको आफ्नो विद्यमान सर्च प्रदायकसँग समस्या उत्पन्न भएको बेला उसले गुगलसँग त्यस्तो अनुमति माग गरेको थियो । गुगल एपिआईको प्रयोगबाट आफ्नो प्रडक्ट अझै उत्कृष्ट बन्ने ओपन एआईको विश्वास थियो । तर, ओपन एआईले आफ्नो एपिआई प्रयोगको अनुमति दिँदा धेरै प्रतिस्पर्धीहरुलाई सामेल गर्नुपर्ने कारण देखाउँदै गुगलले अगष्टमा ओपन एआईको प्रस्ताव अस्वीकार गरेको थियो । *-अनलाइन खबर डटकम*

# आफ्नै नामको सिमकार्ड प्रयोग गर्न टेलिकमको आग्रह




नेपाल टेलिकमले सेवाग्राहीलाई आफ्नै नाममा दर्ता भएको सिमकार्ड प्रयोग गर्न आग्रह गरेको छ । सूचना जारी गर्दै कम्पनीले डिजिटल युगमा सिमकार्ड व्यक्तिको पहिचान बन्ने भएकाले आफ्नै नाममा दर्ता भएको सिमकार्ड प्रयोग गर्न भनेको हो । हाल प्रयोग गरिरहेको सिमकार्ड आफ्नै नाममा दर्ता नभएको खण्डमा सेवा लिन समस्या आउन सक्ने र व्यक्तिगत डेटा सुरक्षामा समेत जोखिम पैदा हुन सक्ने टेलिकमले जनाएको छ । टेलिकमका अनुसार सरकारी सेवा तथा बैंकिङ सुविधा प्राप्त गर्न सिमकार्ड आफ्नै नाममा दर्ता हुनु अनिवार्य छ । अहिले राष्ट्रिय परिचयपत्र बनाउन, बैंक खाता खोल्न वा चलाउन, सवारी चालक अनुमतिपत्रका लागि आवेदन दिन, नागरिक एपमा दर्ता हुन तथा सरकारी सेवाका लागि आवश्यक एकपटक प्रयोग हुने पासवर्ड (ओटीपी) प्रयोग गर्न आफ्नै नाममा दर्ता भएको सिमकार्ड अनिवार्य गरिएको छ । त्यस्तै अनलाइन फारम भर्न, पासपोर्ट बनाउन वा नागरिकताको सम्पर्क नम्बरका लागिसमेत आफ्नै नामको सिमकार्ड चाहिन्छ । सिमकार्ड कुन नाममा दर्ता भएको छ भनेर थाहा पाउन टेलिकम प्रयोगकर्ताले ८९२२३ डायल गर्नुपर्छ । सिमकार्ड अर्काको नाममा दर्ता भएमा आवश्यक कागजातसहित नजिकको नेपाल टेलिकम कार्यालयमा गई आफ्नो नाममा ट्रान्सफर गर्न वा नयाँ सिम लिन सकिने व्यवस्था गरिएको टेलिकमले जनाएको छ । *-हाम्रा कुरा डटकम*

*हाल प्रयोग गरिरहेको सिमकार्ड आफ्नै नाममा दर्ता नभएको खण्डमा सेवा लिन समस्या आउन सक्ने र व्यक्तिगत डेटा सुरक्षामा समेत जोखिम पैदा हुन सक्ने टेलिकमले जनाएको छ । टेलिकमका अनुसार सरकारी सेवा तथा बैंकिङ सुविधा प्राप्त गर्न सिमकार्ड आफ्नै नाममा दर्ता हुनु अनिवार्य छ । अहिले राष्ट्रिय परिचयपत्र बनाउन, बैंक खाता खोल्न वा चलाउन, सवारी चालक अनुमतिपत्रका लागि आवेदन दिन, नागरिक एपमा दर्ता हुन तथा सरकारी सेवाका लागि आवश्यक एकपटक प्रयोग हुने पासवर्ड (ओटीपी) प्रयोग गर्न आफ्नै नाममा दर्ता भएको सिमकार्ड अनिवार्य गरिएको छ । त्यस्तै अनलाइन फारम भर्न, पासपोर्ट बनाउन वा नागरिकताको सम्पर्क नम्बरका लागिसमेत आफ्नै नामको सिमकार्ड चाहिन्छ । व्यिवस्था गरिएको टेलिकमले जनाएको छ ।*

# आज विश्व नृत्य दिवस मनाइँदै




**पाल्पा,** वैशाख १५/आज अन्तर्राष्ट्रिय नृत्य दिवस नेपालसहित विश्वभर विविध कार्यक्रम गरी मनाइँदै छ । यो दिवस सन् १९८२ देखि यूनेस्कोको सहयोगी एनजीओ अन्तर्राष्टिय नृत्य परिषद्को पहलमा मनाउन थालिएको हो ।

त्यसयता हरेक वर्ष २९ अप्रिलमा नृत्य दिवस मनाउने गरिएको छ । यस दिन अर्थात २९ अप्रिल जिन जर्जस नोभेरेको जन्मदिन हो, जसलाई आधुनिक ब्याले नृत्यको निर्माता मानिन्छ । दिवसका अवसरमा जनमानसमा नृत्यको महत्व बुझाउने प्रयास गरिन्छ । हिजोआज शैक्षिक प्रणालीदेखि सबै क्षेत्रमा नृत्यलाई उचित स्थान प्रदान गरिनुपर्ने आवाज बुलन्द बन्दै गएको छ । नृत्यकलाको संस्कृति, परम्परा एवं संस्कार विकसित भएका देशहरुमा नृत्यकलाको सम्मान, त्यसप्रति मानिसहरुको ध्यानाकर्षण तथा चेतना अभिवृद्धि गर्ने उद्देश्यले नेपाल लगायत विश्वका विभिन्न मुलुकमा नृत्यकला प्रदर्शन गरिन्छन् । नृत्यकलासँग जोडिएको हिन्दू धार्मिक प्रसंग अनुसार त्रेता युगमा समस्त देवताको अनुरोधमा ब्रह्माले नृत्यवेद तयार गरेको र त्यहिबेलादेखि नृत्यको उत्पति भएको विश्वास गरिन्छ ।

नृत्य एक कला हो, जसले लयबद्ध वा संगीतको तालमा शरीरको चाललाई दर्शाउँछ । भनिन्छ- नृत्यबिना संसार नै अधुरो हुन्छ । नृत्यको लोकप्रियता बढेसँगै स्वास्थ्यलाई पनि राम्रो गर्ने भएका कारण अहिले जुम्बा, हिपहप, ब्रेक डान्स, बालेट, साल्सालगायतका नाच प्रचलनमा देख्न पाइन्छ । समयको विकासक्रमसँगै नृत्य पेसा व्यावसायिकतातर्फ उन्मुख हुन थालेको छ । नाच्न सिकाउने प्रशिक्षक भएर वा कार्यक्रममा नृत्य प्रस्तुत गरेर पनि मानिसले रोजगारी पाएका छन् ।

# नेत्रज्योति संघ पालपाले मनायो २४ औं साधारणसभा



**पाल्पा,** वैशाख १५/नेपाल नेत्रज्योति संघ पालपाले २४ औं साधारणसभा मनाएको छ । संघले सोमबार एक समारोहकाबिच साधारण सभा मनाएको हो ।

सभाको नेपाल नेत्रज्योति संघ लुम्बिनी प्रदेशका उपसभापति सेरबहादुर थापाले उद्घाटन गरेका हुन् । सभाको उद्घाटन गर्दै उनले निजी क्षेत्रबाट सञ्चालित आँखा अस्पतालले आँखाको क्षेत्रमा महत्वपूर्ण भूमिका खेलेको बताएका छन् । सरकारले गर्न नसकेको काम निजी क्षेत्रले गर्दै आएको उनले उल्लेख गरे । प्रमुख अतिथि समेत रहेका थापाले संघमा चुनावको बेला आजीवन सदस्य लिनको लागि पार्टी कार्यकर्ताको भिड लाग्ने तर चुनावपछी निष्क्रिय देखिने हुनाले सदस्य वितरण गर्दा विचार पुऱ्याउन आग्रह गरे ।

उपसभापति थापाले वर्तमान समयमा आँखा जाँच गर्ने डाक्टरको अभाव भएको बताउँदै पाल्पा, गुल्मी, अर्घाखाँचीमा मिलेर समस्या समाधान गर्न लुम्बिनी प्रदेशको तर्फबाट आवश्यक सहयोग गर्ने बताए । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखाका सभापति बाबुराम कार्की, कालीगण्डकी आँखा उपचार केन्द्र तथा सर्जिकल सेन्टरका सदस्य भोजेन्द्र प्रकाश ढकाल, आमन्त्रित सदस्य केश लक्ष्मी श्रेष्ठ लगायतले सभाको सफलताको शुभकामना व्यक्त गरे । सोही संघका भुतपुर्व सचिब स्वर्गीय लोकप्रसाद ढकालको स्मृतिमा उनको श्रीमती शारदा ढकालले एउटा कोठा निर्माणका लागि तीन लाख पाँच रुपैयाँ प्रदान गरेकोमा प्रसंशा पत्रले सम्मान लगरिएको थियो । त्यस्तै गरी आमन्त्रित सदस्य केश लक्ष्मी श्रेष्ठले आफ्नो स्वर्गीय आमाबुबाको स्मृतिमा ३० हजार र भवन निर्माणकर्मी प्रेम बुढाले २५ हजार सभापति बुद्धिप्रसाद शर्मालाई प्रदान गरेका थिए । कार्यक्रममा सचिव राजेन्द्र लिगलले वार्षिक प्रतिवेदन र कोषाध्यक्ष बेदराम श्रीरिसले आँखा अस्पतालको ४ करोड ४३ लाख र नेत्रज्योति संघको १६ लाख १५ हजार बराबरको आर्थिक प्रतिबेदन प्रस्तुत गरेका थिए ।

सभाले दुवै प्रतिवेदन सर्वसमत पारित गरेको छ । संघका सभापति बुद्धिप्रसाद शर्माको अध्यक्षता, उपसभापति भिमसेन कार्कीको स्वागत, सचिव राजेन्द्र लिगलको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# तम्घास-सिमलटारी सडकमा...

...अहिले चारवटा पक्की पुल एकैचोटि निर्माण भएका छन् । जसले गर्दा गुल्मी पश्चिमका पाँच स्थानीय तहसँगै प्यूठानका नागरिकलाई समेत सहज भएको छ । "पुल नबन्दा धेरै जोखिम थियो, नागरिकले धेरै सास्ती खेप्नुपरेको थियो", इस्मा गाउँपालिका-२ स्थित पालुखा माविका शिक्षक बाबुराम पन्थीले भने, "अहिले धेरै सहज भएको छ ।" अङ्गाइस किलोमिटरको तम्घास-सिमलटारी सडक कालोपत्र भएपछि इस्मा, मालिका, धुर्कोट र मदानेसहित प्यूठानका स्थानीयहरूलाई समेत यात्रामा लाग्ने समय घटेको छभने सडकले कैयौँ व्यावसायिक कामहरूको सुरूवात भएको छ । सडकको अहिलेको अवस्था मात्रै नभएर भोलिको भविष्य सम्झेर होटल तथा विभिन्न व्यवसाय गर्नेहरूको सङ्ख्या बढ्दै गएको छ । छल्दी पनाहा, झरना, हुलाके, धनार्जी, चौरासी, राङ्गदल, फूलबारी र सिमलटारीलगायत स्थानमा होटल, ग्यारेज, फेन्सी, डेरी तथा व्यावसायिक तरकारी तथा पशुपालनको कामहरू भइरहेको इस्मा गाउँपालिका-६ का अगुवा कृषक कृष्ण घिमिरेले बताए । *-रासस*

## खेलकुद समाचार

# अभ्यास खेलमा नेपाल पराजित



**काठमाडौं,** वैशाख १५/आइसिसी महिला टी-२० विश्वकप एसिया छनोटको तयारीका लागि भारतको दिल्लीमा रहेको नेपाली टोली अभ्यास खेलमा पराजित भएको छ ।

सोमबार भएको खेलमा नेपाललाई दिल्ली महिला टोलीले ३८ रनले पराजित गरेको हो । पहिले ब्याटिङ गरेको दिल्लीले ४ विकेटको क्षतिमा १२९ रन बनायो । दिल्लीका लागि आयुशी सोनीले नटआउट ४६ रन बनाइन् ।

बलिङमा नेपालकी पूजा महतो, मनिषा उपाध्याय र इन्दू बर्माले एक एक विकेट लिए । १३० रनको लक्ष्य पछ्याएको नेपालले ८ विकेटको क्षतिमा ९१ रन बनाउन सक्यो । नेपालका लागि रुबी पोद्दारले सबैभन्दा बढी २३ रन र कविता जोशीले नटआउट २१ रन बनाउँदा अरु ब्याटर सस्तैमा आउट भए । एसिया छनोट मे महिनामा थाइल्यान्डमा हुनेछ ।

नेपालसहित नौ टोलीले भाग लिँदैछन्। छनोटमा नेपाल समूह 'सी' मा छ । यो समूहमा नेपालसहित हङकङ र बहराइन छन् । समूहको शीर्ष टोलीले फाइनल राउन्ड खेल्नेछ । फाइनल राउन्डमा तीन टोलीबीच प्रतिस्पर्धा हुँदा शीर्ष दुई विश्वकप छनोटमा पुग्नेछन् । विश्वकप छनोटमा १० टोली भिड्नेछन् । १० मध्ये चार टोली सन् २०२६ मा इंग्ल्यान्डमा हुने आइसिसी महिला टी-२० विश्वकपमा छनोट हुनेछन् ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

# 'थर्मल थेरापी' सेवातर्फ...

...नेपालीका काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले आफ्ना सन्तानले आमा बुवाहरुलाई नहेरेको अवस्थामा विगेन नेपालले जुन काम गरेको छ त्यो प्रशंसनिय रहेको बताए । उनले सेवा लिएर लाभान्वित हुन पालपाली आमाबुवाहरुलाई आग्रह गरे । पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराईले सरकारले गर्नु पर्ने काम निजि क्षेत्रले गरेकोमा संस्थाको प्रशंसा गरे । उनले स्थानीय सरकारले शिविरमार्फत यस्ता सेवालाई वडा तहमा पुऱ्याउनुपर्नेमा जोड दिए । उपभोक्ता मञ्चका केन्द्रीय सदस्य माधव नेपालले राम्रा र नराम्र कुराहरुलाई ध्यानमा राखेर काम गर्न संस्थालाई आग्रह गरे । उनले सबै भन्दा प्यारो आफ्नो स्वास्थ्य भएकाले स्वस्थ जीवनमा ध्यान दिनुपर्नेमा जोड दिए । नेपाल पत्रकार महासंघ पाल्पाका सचिव रामचन्द्र रायमाझीले पछिल्लो समय खानपान र व्यस्त जीवन शैलीका कारण मानव जीवन अस्तव्यस्त बन्दै गएको अवस्थामा थर्मल थेरापी उपचार पद्धति महत्वपूर्ण हुने बताए । उनले यसको व्यापक प्रचार-प्रसार गरी सबै क्षेत्र र वर्गका नागरिकलाई सेवामा समाहित गर्न संस्थालाई आग्रह गरे ।

संस्थाका संस्थापक अध्यक्ष प्रकाश श्रेष्ठले देशभरका ८२ वटा केन्द्रमार्फत थेरापी सेवा सञ्चालन गर्दै आएको बताए । उनले रोगग्रस्त व्यक्तिहरूलाई नि:शुल्क उपचार प्रदान गर्दै स्वास्थ्यप्रति जागरुक बनाउनु विगेन नेपालको मुख्य उद्देश्य रहेको उल्लेख गरे । अध्यक्ष श्रेष्ठले स्थानीय सरकारसँग सहकार्य गरी नीति निर्माण र बजेट व्यवस्थापनमा समेत प्रभावकारी भूमिका खेल्दै भविष्यमा अझ धेरै क्षेत्रमा सेवा विस्तार गर्ने योजना लिएको बताए । कोरोना महामारी अघि पनि तानसेनमा २ बर्ष आफुहरुले सेवा दिए पनि भौतिक रुपमा ठूलो क्षति व्यहोर्नु परेकाले अहिले आएर पुन: सेवा दिन थालेको उनले बताए । अध्यक्ष श्रेष्ठले यो उपचारको कुनै साइट इभेक्ट नभएकाले सबैलाई ढुक्क भएर सेवा लिन आग्रह गरे । नेपाल सरकारबाट स्वीकृत लिएर मेसिन प्रयोगमा ल्याइएको उनको भनाई छ ।

संस्थाकी कार्यकारी निर्देक ज्ञानु लामिछाने गिरिले भनिन् "हामीले हिड्न नसकेका बुवा आमालाई हिड्न सक्ने बनाएका छौं, बोल्न नसक्नेलाई बोल्न सक्ने बनाएका छौं ।" संस्थाका प्रमुख प्रशासकिय अधिकृत मिलन लामिछनेले थेरामी प्राकृतिक उपचार पद्धति भएकाले सबै रोगहरुका लागि उपयुक्त रहेको बताए । उनले हाड जोर्नी, नसा च्यापिएको, ढाँड गर्धनको दुखाई, दम, सुगर, प्रेसर, कोलस्टोरेज, प्यारालाईसिस, पार्किन्सन, अनिन्द्रा, कब्जियत, बाँझोपना, महिनावारी जस्ता समस्याबाट पीडितहरूलाई नि:शुल्क स्वास्थ्य परामर्श र थेरापी सेवा उपलब्ध गराइने बताए ।

नियमित प्रयोगबाट हिँडडुल गर्न नसक्ने, शारिरिक दुखाई भएका, कष्टकर जीवन विताइरहेका, लामो चिकित्सकीय उपचारबाट लाभ प्राप्त गर्न नसकेका, जीवनबाट हरेस खाएकाहरुले समेत यो थेरापी सेवाको नियमित प्रयोगबाट स्वास्थ्य लाभ प्राप्त गरी सामान्य जीवनशैलीमा फर्किएको उनको भनाई छ । स्वास्थ्य लाभ प्राप्त गरेका, निरन्तर थेरापीको आवश्यकता भएका तर सेन्टरमा दैनिक आउन नसकी घरमै लगेर उपकरण प्रयोग गर्ने सेवाग्राहीले उपकरण खरिद गर्ने गरेको लामिछानेले बताए । संस्थाले सोही अवसरमा जेष्ठ नागरिक सइ कुमार शाही र विष्णुप्रसाद उदयलाई सम्मान समेत गरेको छ । संस्थाका अध्यक्ष प्रकाश श्रेष्ठको अध्यक्षता, संस्थाका ओनर प्रेमराज श्रेष्ठको स्वागत, रोजबहादुर श्रेष्ठको सञ्चालनमा कार्यक्रम भएको थियो ।


## वैदेशिक रोजगारमा जानुपूर्व ध्यान दिनुपर्ने कुरा

- श्रम स्वीकृती लिएरमात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारमा जाँदा गर्ने काम, लाग्ने खर्च र पाउने सेवा सुविधाको यकिन गरौं,
- वैदेशिक रोजगार व्यवसायीको आधिकारिकताका बारेमा सचेत बनौं,
- भिषा तथा श्रम स्वीकृतिको सुनिश्चिततापछि मात्र कानूनले तोकेबमोजिम रकम बुझाऔं र बुझाएको रकमको अनिवार्य भर पाई लिऔं,
- वैदेशिक रोजगारमा जाने देशको भाषा, संस्कृति, रीतिरिवाज र कानुनका बारेमा जानकारी प्राप्त गर्न अनिवार्य रुपमा अभिमूखीकरण तालिम लिऔं,
- सूचिकृत स्वास्थ्य संस्थाबाट मात्र स्वास्थ्य परीक्षण गराऔं,
- नेपाल सरकारद्वारा स्वीकृत कम्पनीमा जीवन बीमा गराऔं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्राई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्राई